# ताप्ली गाउँपालिका

Tapli Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

रुपाटार, उदयपुर

Rupatar, Udayapur

प.सं / Ref.No.: २०७६/७७

च.नं / Dispatch No.:

१ नं प्रदेश नेपाल/ 1 No. Province, Nepal

www.taplimun.gov.np


मितिः २०७६/०८/०९

विषयः सेवा करारमा लिने सूचना ।

आ.व. २०७६/७७ मा यस गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्नको लागि १ जना सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवी रोजगार संयोजक (अधिकृत तृतिय स्तर वा सो सरह) सेवा करारमा लिनु पर्ने भएकोले तोकीएको योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले २० दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

| क्र.सं | सूचना नं | पद | श्रेणी | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०७६-७७ | रोजगार संयोजक | अधिकृत तृतीय स्तर वा सो सरह | १ | सेवा करार |

१. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः

क. शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु ।

ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ग. प्रमाणित अनुभवको प्रमाणपत्रको प्रतिलिपि

२. दरखास्त दिने स्थानः ताप्ली गाउँपालिकाको कार्यालय, रुपाटार ।

३. काम गर्नु पर्ने स्थानः ताप्ली गाउँपालिका र सबै वडा कार्यालयहरु ।

४. दरखास्त दस्तुरः रु १५००/-

५. उमेदवार हुनको लागि योग्यताः

क. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तिर्ण

ख. दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

ग. भविश्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी अदालत बाट कुनै सजाय नपाएको

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

६. पदमा रही गर्नु पर्ने कामः प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी ।

७. तलबः प्रचलित कानून अनुसार हुनेछ ।

८. परीक्षाको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्ने
प्रारम्भिक योग्यताक्रमको सूची देहायको आधारमा प्रकाशन गरिनेछ ।

क. न्यूनतम शैक्षिक योग्यता - ७० अंक

ख. न्यूनतम भन्दा एक तह माथिको शैक्षिक योग्यता - १० अंक

ग. अधिकृत स्तरको पदमा कम्तिमा २ वर्ष काम गरेको - १० अंक

घ. सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा - १० अंक

९. छनौट परीक्षाः सेवा सम्बन्धी विषय ५० अंक र कम्प्युटर सम्बन्धी ५० अंक ।

१०. सम्पर्क मितिः २०७६/०९/०७

२०७६/८/१८

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत


सक्षम निजामती प्रशासनःविकास, समृद्धि र सुशासन

फोन नं : ०२६-९१२२७, ०२४-६९०९५९

ict.taplimun@gmail.com

रोजगार संयोजकको लिखित परीक्षाको पाठ्यक्रम

समावेश भएका उम्मेदवारहरुलाई सोको जानकारी ईमेल, एस.एम.एस वा टेलिफोन मार्फत गराउनु पर्नेछ ।

(८) प्रारम्भिक योग्यताक्रमको सूचीसँगै कम्प्युटर छनौट परिक्षाको मिति, समय र स्थान समेत तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. **छनौट परीक्षाः** (१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुमध्येबाट रिक्त पदमा रोजगार संयोजक छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुट्टै परीक्षा लिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा सहभागी उमेदवारले उत्तीर्ण हुन प्रत्येक विषयमा कम्तिमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक विषयको परीक्षाको समय ३० मिनेटको हुनेछ ।

(४) छनौट परीक्षामा सहभागी उमेदवारले अनुसूची २ बमोजिमको प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम देहाए अनुसार हुनेछः

**(क) सेवा सम्बन्धी**

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,
२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६
३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु,
४. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र चुनौतीहरु,
५. रोजगारी सिर्जनामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरुबीचको सहकार्य र साझेदारी,
६. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृया,
७. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण प्रणाली,
८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,
९. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र
१०. आचरण तथा अनुशासन, नैतीकता, सदाचार र भ्रष्टाचार नियन्त्रण ।

**(ख) कम्प्युटर सम्बन्धी**

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system

१०. <u>अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः</u> (१) समितिले छनौट परीक्षामा सहभागी उमेदवारले प्राप्त गरेको अंकका आधारमा उतीर्ण उमेदवारहरुको अन्तिम योग्यताक्रमको सूची कायम गरी प्रकाशन गर्नु पर्नेछ ।